# सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

(बागमती प्रदेश सरकार, संस्कृति तथा पर्यटन मन्त्रालयबाट सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण)

## (२०७८ पौष १ देखि २०७८ फाल्गुण मसान्त सम्म)

बागमती प्रदेश सरकार

## संस्कृति तथा पर्यटन मन्त्रालय

हेटौंडा, मकवानपुर

२०७८ चैत्र

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

प्रकाशक: बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय

फोन नं. ०५७-५३०१२७

वेवसाइट: mocat.bagamati.gov.np

इमेल: mocatbagamati@gmail.com

प्रकाशन: २०७८ चैत्र

बिषय सूचि


१. मन्त्रालयको स्वरुप र प्रकृति ........ 4

२. मन्त्रालयको काम, कर्तव्य र अधिकार ........ 5

३. मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरण ........ 6

४. मन्त्रालयबाट प्रदान गरिने सेवा ........ 6

५. मन्त्रालयका महाशाखा, शाखा र जिम्मेवार अधिकारी ........ 7

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ........ 7

७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रकृया र अधिकारी ........ 7

क.प्रकृया ........ 7

ख.निर्णय गर्ने अधिकारी ........ 8

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी ........ 8

९. सम्पादन गरेका कामको विवरण ........ 8

१०. सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम पद ........ 8

११. ऐन, नियम, विनियम एवं निर्देशिकाको सूची ........ 8

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण ........ 8

१३. मन्त्रालयको वेभसाईट ........ 9

## १. मन्त्रालयको स्वरुप र प्रकृति

नेपालको संविधानले, नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने,पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने पर्यटन सम्बन्धी नीति रहेको छ ।

मूलुकको आर्थिक विकासको प्रमुख आधार पर्यटन क्षेत्र हो । यस क्षेत्रबाट विदेशी मुद्राको आर्जन, रोजगारी सिर्जना, समग्र आर्थिक विकास र समुन्नतिमा टेवा पुर्याउदै आएको छ । यस प्रदेशमा रहेका सास्कृतिक सम्पदाको संरक्षण र विकास गरी सो को आर्थिक उपयोग गर्ने तथा पर्यटनलाई यस प्रदेशको आर्थिक आधारको रुपमा ग्रामिण तह सम्म विकास र विस्तार गरी यसको प्रतिफल जनजीवनको तल्लो तह सम्म पुर्याउन संस्कृति र पर्यटन क्षेत्रको विविधिकरण, विस्तार र प्रवर्द्दन गर्न आवश्यक रहेको छ ।

प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८/०८/१५ को निर्णयानुसार प्रदेश सरकार, बागमती प्रदेश (कार्य विभाजन) नियमावली, २०७४ को नियम ७ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले उक्त नियमावलीको अनुसूची -१ बमोजिम यस मन्त्रालयको स्थापना भएको हो ।

मन्त्रालयमा प्रदेश सचिव/अधिकृतस्तर एघारौं/वाह्रौं तहका कर्मचारी सहित, महाशाखा प्रमुख, शाखा प्रमुख र सहायक कर्मचारीहरु रहेका छन् । मन्त्रालयको कार्यालय हुप्राचौर, हेटौडा, मकवानपुरमा रहेको छ । मन्त्रालय मातहत देहायका ३ वटा अस्थायी कार्यालयहरु रहेका छन।

| सि.नं. | कार्यालयको नाम | कार्यालयको फोन नं. |
|---|---|---|
| १ | पर्यटन विकास आयोजना, हेटौडा, मकवानपुर | ०५७-५२०२८६ |
| २. | उपत्यका पर्यटन कार्यालय, सानो हात्तिवन, ललितपुर | ०१-५९१२५४७ |
| ३. | पर्यटन ईकाइ कार्यालय, नयाँबानेश्वर, काठमाण्डौ | - |

## २. मन्त्रालयको काम, कर्तव्य र अधिकार

प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८।०८।१५ को निर्णयानुसार प्रदेश सरकार, बागमती प्रदेश (कार्य विभाजन) नियमावली, २०७४ को नियम ७ ले दएको अधिकार प्रयोग गरी प्रदेश सरकारले उक्त नियमावलीको अनुसूची -२ बमोजिम यस मन्त्रालयलाई तोकिएका काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन् ।

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पूर्वाधार विका, प्रवर्द्धन र नियमन; |
| २. | पर्यटक प्रहरी समन्वय; |
| ३. | पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, यााँप्टिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन; |
| ४. | संघीय कानून बमोजिम क्यासिने तथा चिठ्ठा दर्ता, अनुमति र नियमन; |
| ५. | भाषा, लिपी, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन; |
| ६. | ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं कला र वास्तु कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिकस्तरका दरबारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान र व्यवस्थापन; |
| ७. | प्रादेशिकस्तरमा संग्रहालय स्थापना, सञ्चालन तथा व्यवस्थापन; |
| ८. | प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा प्राचीन स्मारक, संग्रहालय, गढी सांस्कृतिक धरोहर सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवम् संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुननिर्माण; |
| ९. | धर्म, परम्परा र गुठी अन्तर्गत चली आएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन; |
| १०. | संस्कृतिको विकास सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन; |

## ३. मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

संस्कृति तथा पर्यटन मन्त्रालयको प्रदेश सचिवमा नेपाल सरकारका राजपत्रांकित प्रमथ श्रेणीको कर्मचारी रहने व्यवस्था रहेको छ । मन्त्रालयको पर्यटन तथा संस्कृति महाशाखा र प्रशासन, योजना तथा अनुगमन महाशाखा गरी २ वटा महाशाखाहरु सहित २५ जनाको दरबन्दी रहेको छ । त्यसै गरी मन्त्रालय मातहतका ३ वटा कार्यालयमा ३४ जनाको दरवन्दी र मन्त्रालयको २५ समेत कुल ५९ जना कर्मचारीको दरवन्दी रहेको छ । मन्त्रालय तथा मातहतका कार्यालयहरुको संगठन तालिका अनुसूचि-१ मा संलग्न छ ।

१. **पर्यटन विकास आयोजना:** अधिकृतस्तर नवौ/दशौ स्तरको आयोजना प्रमुख रहने व्यवस्था रहेको छ । पर्यटन पूर्वाधार विकास एवम् योजना तथा अनुगमन शाखा, प्रशासन, पर्यटन प्रवर्द्धन तथा पर्यापर्यटन र आर्थिक प्रशासन शाखा गरी ३ वटा शाखाहरु सहित १४ जना कर्मचारीहरुको दरवन्दी रहेको छ ।

२. **उपत्यका पर्यटन कार्यालय:** अधिकृतस्तर सातौ/आठौ को कार्यालय प्रमुख रहने व्यवस्था रहेको छ । ट्राभल दर्ता तथा अनुगमन शाखा, पर्यटकीय होटल तथा ट्रेकिङ्ग दर्ता तथा अनुगमन शाखा, योजना तथा प्रशासन शाखा र आर्थिक प्रशासन शाखा गरी ४ वटा शाखा सहित १२ जना कर्मचारीहरुको दरवन्दी रहेको छ ।

३. **पर्यटन विकास आयोजना, उपत्यका इकाई कार्यालय:** अधिकृतस्तर सातौ/आठौ को इकाई प्रमुख रहने व्यवस्था रहेको छ । प्रशासन, पर्यटन प्रवर्द्धन तथा पर्यापर्यटन शाखा र आर्थिक प्रशासन शाखा गरी २ वटा शाखा सहित ८ जना कर्मचारीहरुको दरवन्दी रहेको छ।

## ४. मन्त्रालयबाट प्रदान गरिने सेवा

यस मन्त्रालयबाट प्रदान गरिने मुख्य सेवाहरु देहायमा उल्लेख गरिए बमोजिम रहेका छन्

- संस्कृति तथा पर्यटन क्षेत्रको समग्र विकासका लागि चाहिने कानून, नीति, ऐन, नियम, नियमावली, कार्यविधि, मापडण्ड बनाउने,
- मन्त्रालय तथा मातहतका कार्यालयहरुबाट संस्कृति तथा पर्यटन क्षेत्रको विकासका लागि योजना छनौट गरी बार्षिक योजना तर्जुमा गर्ने,
- प्रदेश स्तरिय पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण, सम्बर्द्धन गर्ने,
- प्रदेश भित्र ट्राभल, ट्राभल, ट्रेकिङ्ग, पर्यटक यातायतसेवा, जलयात्रा, पर्यटक स्तरीय होटल, होमस्टे र पथ प्रदर्शकको इजाजत जारी, नविकरण, खारेजी लगायतका पर्यटन सेवाको नियमन तथा व्यवस्थापन गर्ने,
- संघ तथा स्थानीय निकायहरुका पर्यटन सम्बन्धी कार्यमा समन्वय र सहकार्य गर्ने,
- प्रदेश भित्रका पर्यटन व्यवसायीका संघ संस्थाहरुसंग समन्वय सहकार्य गर्ने, पर्यटन व्यवसायीहरुसंग आवश्यकताअनुसार अन्तरकृया र तालिम जस्ता कार्यक्रम संचालन गर्ने,

- प्रदेश भित्र पर्यटकीय पूर्वाधारहरुको विकास गर्ने,
- प्रदेश सरकारबाट पर्यटन सम्बन्धमा तोकिएका सम्पूर्ण कार्यहरु गर्ने
- पर्यटन क्षेत्र संग सम्बन्धित तयार गरिने वातावरणीय अध्ययन प्रतिवेदनको कार्यसूचि तथा अध्ययन प्रतिवेदन स्विकृती गर्ने,
- पर्यटन ऐन, २०७७ मा तोकीय बमोजिमका कार्यहरु गर्ने

## ५. मन्त्रालयका महाशाखा, शाखा र जिम्मेवार अधिकारी

मन्त्रालयका महाशाखा, शाखा र जिम्मेवार अधिकारी देहायको तालिकामा उल्लेख भए बमोजिम रहेको छ ।

| सि.नं. | सचिवालय/महाशाखा | शाखा | जिम्मेवार अधिकारी |
|---|---|---|---|
| १. | प्रदेश सचिव | | श्री मदन कोइराला |
| २. | पर्यटन तथा संस्कृति महाशाखा | पर्यटन तथा पूर्वाधार शाखा | श्री उमा शंकर प्रसाद जयसवाल |
| | | संकृति, पर्यापर्यटन तथा वातावरण शाखा | श्री उत्तम चापागाई |
| ३. | प्रशासन, योजना तथा अनुगमन महाशाखा | प्रशासन शाखा | श्री पुष्करचन्द्र घिमिरे |
| | | आर्थिक प्रशासन शाखा | श्री विनोद श्रेष्ठ |
| | | कानून तथा फैशला कार्यान्वयन शाखा | श्री मनोजकुमार गुप्ता |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

मन्त्रालयबाट प्रदान गरीने सेवामा कुनै दस्तुर नलाग्ने । नेपाली नागरिकले सूचनाको हक अन्तर्गत सूचना माग्न आएमा दश पेजसम्मको सूचना नि:शुल्क प्राप्त हुने र सो भन्दा माथि भएमा प्रति पेज रु. ५ दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी वढीमा १५ दिन सम्मको अवधी लाग्ने ।

## ७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रकृया र अधिकारी

क. प्रकृया

- मन्त्रालयमा सूचना मागको लागी प्राप्त निवेदन मन्त्रालयका सचिवको तोक आदेश सहित दर्ता हुने।
- पत्र दर्ता भएको मितिले १५ दिन भित्र मागीएका सूचना उपलब्ध गराउने ।

- १५ दिन भित्र तोकिएको शाखाबाट सूचना उपलब्ध नभएमा उजुरी सून्ने अधिकारी समक्ष उजुरी दिने ।

**ख. निर्णय गर्ने अधिकारी**

- प्रदेश सचिव श्री मदन कोइराला ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

प्रदेश सचिव श्री मदन कोइराला

## ९. सम्पादन गरेका कामको विवरण

मन्त्रालयले हाल सम्म गरेका कामको विवरण देहाय बमोजिम रहेको छ ।

१. प्रदेश पर्यटन ऐन, २०७८ लागु भएको
२. द्धित्तिय चौमासीक समिक्षा गोष्ठी
३. योजना तर्जुमा गोष्ठी
४. मातहतका कार्यालयहरुको अनुगमन निरीक्षण
५. पर्यटन विकास आयोजनाबाट निर्माणाधिन पूर्वाधारहरुको स्थलगत निरीक्षण
६. पर्यटन व्यवसायीहरुसँग अन्तरक्रिया गोष्ठी
७. पर्यटन क्षेत्र संग सम्बन्धित तयार गरिने वातावरणीय अध्ययन प्रतिवेदनको कार्यसूचि तथा अध्ययन प्रतिवेदन स्विकृती गर्ने समिति गठन

## १०. सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम पद

यस मन्त्रालयको प्रमुख श्री मदन कोइराला, प्रवक्ता महाशाखा प्रमुख श्री विष्णु बहादुर भण्डारी, सूचना अधिकारी अधिकृत सातौ श्री पुष्करचन्द्र घिमिरे ।

## ११. ऐन, नियम, विनियम एवं निर्देशिकाको सूची

क. प्रदेश पर्यटन ऐन, २०७८
ख. पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकास कार्यक्रमको कार्यान्वयन कार्यविधी, २०७८

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण

**चालु तर्फ (रकम रु हजारमा)**

| क्र.सं. | ब.उ.शि.नं. | सब ब.उ.शि.नं. | बजेट | फाल्गुण मसान्त सम्मको | |
|---|---|---|---|---|---|
| | | | | खर्च | खर्च प्रतिशत |
| १ | ३०७००११४ | ३०७००११४३ | ० | ० | ० |
| २ | ३०७०००११ | ३०७०००११३ | १५६०९ | १०६४.०७ | ६.८ |

पूजीगँत तर्फ (रकम रु हजारमा)

| क्र.सं. | ब.उ.शि.नं. | सब ब.उ.शि.नं. | बजेट | फाल्गुण मसान्त सम्मको | |
|---|---|---|---|---|---|
| | | | | खर्च | खर्च प्रतिशत |
| १ | ३०७००११४ | ३०७००११४४ | ८७३० | ० | ० |
| २ | ३०७०००११ | ३०७०००११४ | १६३८० | ७५११.२८३ | ४८.८ |

## १३. मन्त्रालयको वेभसाईट

यस मन्त्रालयको वेवसाइट http://mocat.bagamati.gov.np रहेको छ । उक्त वेवसाईटमा मन्त्रालयको परिचय, मन्त्रालयका कर्मचारीहरु, संगठन संरचना, मन्त्रालय मातहतका कार्यालयहरु, ऐन कानून, प्रतिवेदन, सूचना, प्रेश विज्ञप्ति तथा मन्त्रालयका विभिन्न प्रकाशनहरु सूचीकृत गरिएको छ । मन्त्रालय समय सान्दर्भिक विश्व सूचना संचार जगत जस्तै फेशबुक पेजमा जोडिएको छ यस मन्त्रालयको फेसवुक पेज http://facebook.com/mocatbagamati मार्फत मन्त्रालयका प्रेश विज्ञप्ति, विभिन्न कृयाकलापहरु आदी सूचना संप्रेशन गर्ने व्यवस्था गरीएकको छ ।